# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, साउन २४ गते, २०७९ साल (अतिरिक्ताङ्क ११


## भाग १

गण्डकी प्रदेश सरकार

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयको सूचना**

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७९ सालको ऐन नं. ०७

**गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** गण्डकी प्रदेशभित्रका पर्यटन क्षेत्रको संरक्षण, संवर्द्धन, प्रवर्धन र विकास मार्फत आन्तरिक तथा बाह्य पर्यटकको सुविधा, हित र प्रदेशको आर्थिक विकासका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश पर्यटन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक पर्यटक" भन्नाले नेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको पर्यटन विषय हेर्ने कार्यालय सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा २७ बमोजिमको प्रदेश पर्यटन कोष सम्झनु पर्छ ।

(घ) "ट्राभल एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारी साधन मार्फत दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ङ) "ट्रेकिङ्ग एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिहरूलाई विविध प्राकृतिक एवम् सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई पदयात्रा सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "पथ प्रदर्शक" भन्नाले पारिश्रमिक लिई पर्यटकको साथ गई पथ प्रदर्शनका लागि काम गर्ने दफा १४ बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ज) "पर्वतारोहण" भन्नाले प्रदेश भित्र रहेका हिमशृङ्खलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुलीको आरोहण गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "प्रदेश" भन्नाले गण्डकी प्रदेशलाई सम्झनु पर्छ ।

(ञ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ट) "पैदल मार्ग" भन्नाले प्राकृतिक रूपमा रहेका र विकास गरिएका पैदल हिँड्ने मार्ग सम्झनु पर्छ ।

(ठ) "बाह्य पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणका लागि नेपालमा भ्रमण गर्न आउने गैरनेपाली नागरिक सम्झनु पर्छ।

(ड) "बोर्ड" भन्नाले दफा ३६ बमोजिमको प्रदेश पर्यटन बोर्ड सम्झनु पर्छ ।

(ढ) "मन्त्रालय" भन्नाले पर्यटन सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ण) "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर वा समुदायमा निजी वा सामूहिक रूपमा सञ्चालन गरिएको घरबास सेवा सम्झनु पर्छ।

परिच्छेद-२

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था

३. **इजाजत पत्र लिनु पर्ने**ः (१) प्रदेशभित्र ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम इजाजत लिनु पर्नेछ ।

(२) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत लिन चाहने व्यक्तिले तोकिएको विवरण र कागजपत्र सहित कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई ट्राभल वा ट्रेकिङको काम गर्न सक्षम देखेमा तोकिएको दस्तुर लिई तोकिए बमोजिम इजाजत पत्र जारी गर्नेछ । यसरी जारी गरिएको इजाजत पत्र प्रत्येक पाँच वर्षमा नवीकरण गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम इजाजत दिन नमिल्ने देखिएमा सोको कारण र आधार खुलाई एक्काइस दिन भित्र निर्णय गरी दरखास्तवालालाई त्यस्तो निर्णयको लिखित जानकारी दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्णयको जानकारी पाउने व्यक्तिले त्यस्तो निर्णय उपर चित्त नबुझेमा लिखित जानकारी पाएको पैंतिस दिनभित्र निर्णय सहित मन्त्रालय समक्ष लिखित निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयले एक्काइस दिनभित्र आवश्यक निर्णय गर्नु पर्नेछ र मन्त्रालयले गरेको त्यस्तो निर्णय अन्तिम हुनेछ ।

(७) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम अनुमति वा इजाजत प्राप्त गरी ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन गरिरहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र तोकिएको विवरण र कागजपत्र सहित कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिई इजाजत पत्र अद्यावधिक गर्नु पर्नेछ ।

४. **<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण</u>** (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई प्रदेश सरकारले तोके बमोजिमको सुविधा दिन सक्नेछ ।

५. **<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्र नदिइने</u>**: दफा ३ बमोजिमको इजाजत पत्र देहायको व्यक्तिलाई दिइने छैन:-

(क) करार गर्न सक्षमता तथा योग्यता नभएको,

(ख) दफा २१ को उपदफा (४) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत खारेज भएकोमा सो मितिले दुई वर्षको अवधि भुक्तान भइ नसकेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(घ) कालो सूचीमा परेको ।

६. **<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शुल्क बारेको सूचना दिनुपर्ने</u>**: (१) यस ऐन बमोजिम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले आफूले उपलब्ध गराएको सेवा सुविधा बापत पर्यटकबाट लिइने शुल्कको दर र विवरण सम्बन्धी सूचना मन्त्रालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको दर मन्त्रालयले तोकेको ढाँचामा प्रकाशन गरी प्रचार गर्नुपर्नेछ ।

७. **<u>परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी गर्नु पर्ने</u>**: (१) यस ऐन बमोजिम ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले बाह्य पर्यटकलाई सेवा उपलब्ध गराउँदा नेपाल सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी हुने गरी कारोबार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपालभित्र वा विदेशमा आर्जन गरेको सबै विदेशी मुद्राको कारोबार नेपाल राष्ट्र बैंक मार्फत गर्नु पर्नेछ ।

८. **<u>इजाजत पत्र निलम्बन गर्न सक्ने</u>**: (१) देहायको अवस्थामा मन्त्रालयले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत बढीमा ६ महिना अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछ:-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लङ्घन गरेमा,

(ख) प्रदेश सरकार वा मन्त्रालयलाई दिनुपर्ने जानकारी वा सूचना नदिएमा वा गलत सूचना दिएमा,

(ग) प्रचलित कानूनको बर्खिलाप गरेमा ।

(२) उपदफा (१) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन इजाजत निलम्बन गर्नु अघि आफ्नो सफाई पेश गर्नको लागि सम्बन्धित ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई एक्काइस दिनको म्याद दिनु पर्नेछ ।

परिच्छेद-३

**पर्यटकस्तरको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार सम्बन्धी व्यवस्था**

९. **पर्यटकस्तरको रूपमा दर्ता गराउन सकिने**: (१) कुनै व्यक्तिले आफ्नो होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारलाई पर्यटकस्तरमा दर्ता गराउन चाहेमा कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गराउन वा सञ्चालन गर्न चाहेको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार तोकिएको सुविधायुक्त भएमा तोकिएको दस्तुर लिई पर्यटकस्तरमा दर्ता गरिनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएका होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले प्रत्येक पाँच वर्षमा तोकिए बमोजिम नवीकरण गर्नु पर्नेछ ।

(४) प्रचलित कानून बमोजिम दर्ता भएका पर्यटकस्तरका होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले यस ऐन बमोजिम प्रदेशभित्र व्यवसाय सञ्चालन गर्न चाहेमा कार्यालय समक्ष इजाजत पत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको इजाजत सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ

(६) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम अनुमति वा इजाजत प्राप्त गरी कुनै होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार सञ्चालन गर्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएको विवरण र कागजपत्र सहित कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिई इजाजत पत्र अद्यावधिक गर्नु पर्नेछ ।

१०. **स्तर निर्धारण समिति**: (१) होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारलाई वर्गीकरण गर्ने सम्बन्धमा परामर्श दिनको लागि देहाय बमोजिमको एक स्तर निर्धारण समिति रहनेछः-

(क) पर्यटन हेर्ने महाशाखा प्रमुख, मन्त्रालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, प्रदेश पर्यटन बोर्ड - सदस्य

(ग) प्रमुख, सम्बन्धित जिल्लाको पर्यटन हेर्ने कार्यालय - सदस्य

(घ) मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाको पर्यटन व्यवसायी संघ वा संस्थाको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(ङ) पर्यटन हेर्ने शाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(२) स्तर निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारलाई वर्गीकरण गर्ने सम्बन्धमा सिफारिस गर्ने,

(ख) होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको इजाजत निलम्बन गर्न वा तल्लो स्तरको उपयुक्त वर्गीकरण गर्न सिफारिस गर्ने,

(ग) पर्यटकस्तरको रुपमा वर्गीकरणको लागि सिफारिस गर्ने ।

(३) स्तर निर्धारण समितिले गर्ने उपदफा (२) बमोजिमको सिफारिस मन्त्रालय समक्ष गर्नु पर्नेछ।

(४) स्तर निर्धारण समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) समितिले आवश्यक देखेमा विशेषज्ञ वा पर्यटन व्यवसायसँग सम्बन्धित व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **मूल्यको सूची प्रकाशन गर्नु पर्नेः** (१) दफा ९ बमोजिम दर्ता भएको प्रत्येक होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले आफ्नो दर वा मूल्यको सूचना मन्त्रालयले तोकेको ढाँचामा प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर वा मूल्य सूची प्रकाशन गर्दा प्रचलित कानून बमोजिम लाग्ने सबै प्रकारका कर र शुल्क सहितको सूची प्रकाशन गर्नु पर्नेछ ।

१२. **निरीक्षण, परीक्षण तथा अनुगमनः** (१) मन्त्रालय वा कार्यालयले दफा ९ बमोजिम दर्ता वा इजाजत पत्र प्राप्त होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको नियमित वा आकस्मिक निरीक्षण वा अनुगमन गर्न वा गराउन र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र अन्य सुविधा तथा चिज वस्तु परीक्षण गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको गुणस्तर तथा मापदण्ड निरीक्षण वा परीक्षण गर्दा तोकिए बमोजिमको स्तरको नपाइएमा मन्त्रालय वा कार्यालयले त्यस्तो होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारलाई तोकिएको स्तर कायम गर्न बढीमा सात दिन म्याद दिनेछ ।

(३) उपदफा (२) बमोजिम म्याद दिँदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा मन्त्रालयले दफा १० बमोजिमको स्तर निर्धारण समितिको परामर्श लिई त्यस्तो होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको इजाजत निलम्बन गर्न वा तल्लो स्तरको उपयुक्त वर्गीकरण गर्न सक्नेछ । त्यसरी निलम्बन वा तल्लो स्तरको वर्गीकरणमा तोक्नु अघि सोको आधार र कारण खुलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम इजाजत निलम्बन भएको वा तल्लो स्तरको वर्गीकरणमा तोकिएको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको साबिकको तोकिएको स्तर कायम गर्न निवेदन दिएमा मन्त्रालयले जाँचबुझ गरी साबिकको स्तर कायम भएको देखिन आएमा त्यस्तो होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वारलाई साबिकको स्तरको वर्गीकरणमा कायम गर्न वा इजाजत निलम्बन गरिएकोमा निलम्बन फुकुवा गर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजत निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्म साबिकमा तोकिएको स्तर कायम गर्न नसक्ने होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारको हकमा मन्त्रालयले दफा ९ बमोजिमको दर्ता वा इजाजत पत्र खारेज गर्न सक्नेछ।

१३. **होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार उपर बन्देज**: (१) दफा ९ बमोजिम दर्ता नभएको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले देहायको कुनै काम गर्न पाउने छैनः-

(क) पर्यटकस्तरको होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइन बोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न, वा

(ख) पर्यटकको बसोबास वा खानपिनको प्रबन्ध गर्नको निमित्त कुनै बाह्य पर्यटक वा ट्राभल एजेन्सीसँग बिना अनुमति सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न ।

(२) दफा ९ बमोजिम दर्ता भएको होटेलले दर्ता भएको स्तरभन्दा माथिल्लो स्तरको भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइन बोर्ड वा कारोबारमा प्रयोग गर्नु हुँदैन ।

(३) उपदफा (२) उल्लङ्घन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा मन्त्रालयले त्यस्तो होटेलको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ।

परिच्छेद –४

## पथ प्रदर्शक सम्बन्धी व्यवस्था

१४. **पथ प्रदर्शकको काम गर्न इजाजत पत्र लिनुपर्ने**: (१) पथ प्रदर्शकको काम गर्न चाहने नेपाली नागरिकले इजाजत पत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको इजाजत लिन चाहने व्यक्तिले कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त दिने व्यक्तिलाई कार्यालयले आवश्यक जाँचबुझ गरी तोकिए बमोजिम इजाजत पत्र दिनेछ ।

(४) पथप्रदर्शकको वर्गीकरण, योग्यता, तालिम र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **पथ प्रदर्शकको काम गर्न इजाजत पत्र नदिइने:** देहायको व्यक्तिलाई पथ प्रदर्शकको इजाजत पत्र दिइने छैनः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(ख) मानसिक अवस्था ठिक नभएको।

१६. **<u>इजाजत पत्रको म्याद</u>**: (१) पथ प्रदर्शकको इजाजत पत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) पथ प्रदर्शकको इजाजत पत्रको नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **<u>इजाजत पत्र हराएमा प्रतिलिपि लिन सकिने</u>**: (१) कुनै पथ प्रदर्शकले प्राप्त गरेको इजाजत पत्र हराएमा तोकिएको म्यादभित्र कार्यालय समक्ष प्रतिलिपिका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयले तोकिए बमोजिम इजाजत पत्रको प्रतिलिपि दिन सक्नेछ ।

१८. **<u>पथ प्रदर्शकको आचारसंहिता</u>**: (१) पथ प्रदर्शकले देहायको कुनै काम गर्न गराउन हुँदैनः-

(क) आफूले पथ प्रदर्शन गरेको पर्यटकलाई कुनै मालसामान खरिद गर्ने वा अरू कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित विक्रेता वा अरू कुनै व्यक्तिसँग नगदी वा अरू कुनै चिज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथ प्रदर्शक बनाउन कुनै पर्यटकलाई बाध्य पार्न,

(ग) आफ्नो इजाजत पत्र अरूलाई दिई पथ प्रदर्शकको काम गर्न लगाउन,

(घ) मादक पदार्थ सेवन गर्न ।

(२) पथप्रदर्शकको अन्य आचारसंहिता तोकिए बमोजिम हुनेछ ।

१९. **<u>इजाजत पत्र खारेज गर्न सकिने</u>**: (१) देहायको कुनै अवस्थामा कार्यालयले कुनै पथ प्रदर्शकको इजाजत पत्र खारेज गर्न सक्नेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएमा,

(ख) दफा १५ को खण्ड (ख) बमोजिम अयोग्य भएमा,

(ग) दफा १८ को विपरीत कार्य गरेमा ।

(२) उपदफा (१) बमोजिम कुनै पथ प्रदर्शकको इजाजत पत्र खारेज गर्नु पूर्व निजलाई सफाई पेस गर्ने मौका दिनु पर्नेछ र यसरी मौका दिंदा कम्तीमा एक्काइस दिनको म्याद दिनु पर्नेछ ।

परिच्छेद-५

## अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था

२०. **अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था**ः (१) प्राकृतिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक, साहसिक, खेल, कृषि पर्यटन र तोकिएका अन्य पर्यटन व्यवसायको दर्ता गर्ने, इजाजत लिने, नवीकरण गर्ने, सञ्चालन गर्ने, इजाजत निलम्बन गर्ने तथा दर्ता खारेज र नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेख भएका मध्ये तोकिएका क्रियाकलापहरू गर्न बाह्य पर्यटकले तोकिएको दस्तुर तिरी तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम दर्ता भएका वा इजाजत लिएका उपदफा (१) बमोजिमका पर्यटन व्यवसायीले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिएको विवरण र कागजपत्र सहित कार्यालय समक्ष तोकिए बमोजिम दरखास्त दिई इजाजत पत्र अद्यावधिक गर्नु पर्नेछ ।

(४) अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-६

## जरिबाना सम्बन्धी व्यवस्था

२१. **जरिबाना**ः (१) दफा ३ बमोजिम इजाजत नलिई कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन गरेमा मन्त्रालयले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई बीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(२) दफा ६ बमोजिमको शुल्क सम्बन्धी सूचना प्रकाशन नगर्ने लाई मन्त्रालयले पहिलो पटक कसुर गरेको भए दश हजार रुपैयाँसम्म र दोस्रो

पटकदेखि पटकै पिच्छे दश हजार रुपैयाँ देखि बीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) दफा ७ को उपदफा (१) उल्लङ्घन गर्ने व्यक्तिलाई मन्त्रालयले पहिलो पटकको कसुरमा चालिस हजार रुपैयाँसम्म र दोस्रो पटक देखि पटकै पिच्छे चालीस हजार रुपैयाँ देखि असी हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(४) दफा ८ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत निलम्बन भएको अवस्थामा कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीसम्बन्धी काम गरेमा निजलाई बीस हजार रुपैयाँसम्म जरिबाना गरी मन्त्रालयले त्यस्तो व्यक्तिले पाएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत समेत खारेज गर्न सक्नेछ ।

(५) दफा ९ बमोजिम दर्ता नगराई वा इजाजत नलिई वा पर्यटकस्तरको नभएकोलाई पर्यटकस्तरको हो भनी कुनै होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वार सञ्चालन गरेमा वा दफा १३ को उपदफा (१) उल्लङ्घन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा पहिलो पटक भए दश हजार रुपैयाँ, दोस्रो पटक भए दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म र तेस्रो पटकदेखि प्रत्येक पटकको तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म मन्त्रालयले जरिबाना गर्न सक्नेछ ।

(६) यस ऐन बमोजिम मन्त्रालय वा कार्यालयबाट खटिएका कर्मचारीलाई होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा वारले त्यसमा प्रयोग गरिने कुनै पनि खाद्य सामग्री परीक्षण गर्न कसैले बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(७) दफा १४ बमोजिम इजाजत पत्र प्राप्त नगरी कुनै व्यक्तिले पथ प्रदर्शकको काम गरेमा मन्त्रालयले निजलाई चार हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(८) दफा १६ बमोजिम इजाजत पत्र नवीकरण नगरी कुनै व्यक्तिले पथ प्रदर्शकको काम गरेमा मन्त्रालयले निजलाई दुई हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(९) उपदफा (७) र (८) मा लेखिए देखि बाहेक कुनै पथ प्रदर्शकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा मन्त्रालयले निजलाई एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(१०) दफा ३, ९ र २० बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा मन्त्रालयले दिएको निर्देशन वा आदेश उल्लङ्घन गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालयले बीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(११) कुनै बाह्य पर्यटकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अनुमति नलिई दफा २० को उपदफा (२) बमोजिम तोकिएका पर्यटनसम्बन्धी क्रियाकलाप गरेमा वा त्यस्तो अनुमति प्राप्त पर्यटकले यो ऐन वा यस अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई मन्त्रालयले दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(१२) देहायको कुनै काम गर्ने व्यक्तिलाई मन्त्रालय वा कार्यालयले दुई हजारसम्म जरिबाना गर्न सक्नेछः-

(क) यस ऐन बमोजिम पेश गर्नुपर्ने प्रतिवेदन तोकिए बमोजिम पेश नगरेमा वा कार्यालय वा अभिलेख निरीक्षण गर्न वा जाँच्न वा अनुगमन गर्न खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न वा अनुगमन गर्न बाधा विरोध गरेमा,

(ख) यस ऐन बमोजिम निषेध गरिएको कुनै काम गरेमा,

(ग) यस ऐन बमोजिम दिनुपर्ने सूचना वा जानकारी वा विवरण म्याद भित्र पेश नगरेमा,

(घ) यस ऐन बमोजिमको निर्देशनको पालना नगरेमा।

(१३) यस दफा बमोजिम मन्त्रालयले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद- ७

## विविध

२२. **पर्वतारोहण सम्बन्धी व्यवस्थाः** (१) कुनै पर्वतारोही दलले प्रचलित कानून बमोजिम अनुमति प्राप्त नगरी कुनै हिमालचुली आरोहण गर्न पाउने छैन।

(२) पर्वतारोहण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

२३. **संग्रहालय तथा सूचना केन्द्रको स्थापना र व्यवस्थापनः** (१) प्रदेश सरकारले आफैं वा अन्य संघसंस्था वा कार्यालय मार्फत तोकिए बमोजिम पुरातात्विक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका ठाँउ वा वस्तुको संरक्षण र संवर्द्धन गर्दै पर्यटन प्रवर्धन गर्न संग्रहालय तथा सूचना केन्द्रको स्थापना र व्यवस्थापन गर्न गराउन सक्नेछ ।

(२) संग्रहालय तथा सूचना केन्द्रको स्थापना र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **साँस्कृतिक समूह सम्बन्धी व्यवस्थाः** (१) कुनै जातजाति, समुदाय वा संस्थाले परम्परागत कला सँस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्धन गर्न चाहेमा तोकिए बमोजिम साँस्कृतिक समूह गठन गरी मन्त्रालयमा पेस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको साँस्कृतिक समूह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **आन्तरिक पर्यटक सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेश सरकारले आन्तरिक पर्यटन प्रवर्धनका लागि निजी क्षेत्रसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लिखित कुनै व्यवस्था आन्तरिक पर्यटकहरूको सम्बन्धमा लागू नहुने गरी तोक्न सक्नेछ ।

२६. **पर्यटकीय क्षेत्र घोषणा सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले प्रदेशभित्र कुनै क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषित पर्यटकीय क्षेत्रमा प्रदेश सरकारले कुनै चिजवस्तु लिन, बिक्री वितरण गर्न तथा कुनै क्रियाकलाप नगर्न नगराउन आदेश जारी गर्न सक्नेछ ।

२७. **प्रदेश पर्यटन कोषको स्थापना र सञ्चालनः** (१) गण्डकी प्रदेशको पर्यटन विकास, प्रवर्धन तथा पर्यटक र पर्यटन व्यवसायमा आवद्ध श्रमिकको आपतकालीन खोज, उद्धार एवम् राहतका लागि एक प्रदेश पर्यटन कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकमहरू रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, निजी क्षेत्र वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२८. **होमस्टे (घरबास) सञ्चालन सम्बन्धी व्यवस्था**: (१) होमस्टे सञ्चालन गर्न चाहने व्यक्ति वा समुदायले तोकिए बमोजिम दर्ता गराई सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता र सञ्चालन हुने होमस्टेको मापदण्ड तथा नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **भ्रम सिर्जना हुने गरी नाम वा सङ्केत चिन्ह राख्न नहुने**: (१) यस ऐनको दफा ३, दफा ९, दफा २० बमोजिमका पर्यटन व्यवसायको नाम वा सङ्केत चिन्ह राख्दा दोहोरो अर्थ नलाग्ने वा भ्रम सिर्जना नहुने गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसायको नाम वा सङ्केत चिन्ह राख्दा पहिले दर्ता भई सकेको कुनै व्यवसायको नाम, डिजाइन, पेटेन्ट, ट्रेडमार्क, पहिचान तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सिर्जना हुने गरी वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचार, सामाजिक सद्भावको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदिसँग भ्रम सिर्जना हुने गरी राख्न हुँदैन ।

३०. **पर्यटक प्रहरी सम्बन्धी व्यवस्था**: पर्यटकीय क्षेत्र र आन्तरिक तथा बाह्य पर्यटकको सुरक्षा सम्बन्धी कार्य गर्न मन्त्रालयले प्रदेश प्रहरीसँग समन्वय गरी पर्यटक प्रहरीको व्यवस्था गर्न सक्नेछ ।

३१. **पर्यटक यातायात सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले आन्तरिक तथा बाह्य पर्यटकलाई गुणस्तरीय यातायातको सुविधा उपलब्ध गराउन आफैं वा कुनै संघ संस्था, कम्पनी मार्फत पर्यटक यातायात सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) पर्यटक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **अरूलाई काम गर्न दिन नहुने:** दफा ३, दफा ९ र दफा २० बमोजिमका पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले आफ्नो व्यवसाय अरूलाई बन्धक दिन वा अरू कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरू कसैलाई काम गर्न दिन वा अन्य व्यक्तिको नाममा रहेको व्यवसाय सञ्चालन गर्न हुँदैन ।

तर, यस ऐन बमोजिम दर्ता वा इजाजत लिई सञ्चालन गरेको पर्यटन व्यवसायीले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

३३. **प्रतिवेदन वा विवरण पेश गर्नु पर्ने:** (१) दफा ३, दफा ९ र दफा २० बमोजिमको पर्यटन व्यवसाय दर्ता गरी सञ्चालन गर्ने व्यक्तिले तोकिए बमोजिम विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक मन्त्रालयले समय समयमा दफा ३, दफा ९ र दफा २० बमोजिमको पर्यटन व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गर्ने, गराउने व्यक्तिसँग आवश्यक देखिएका विवरण समेत माग गर्न सक्नेछ ।

(३) मन्त्रालय वा कार्यालयले दफा ३, दफा ९ र दफा २० बमोजिमका पर्यटन व्यवसायको कार्यालय वा त्यसको काम कारबाही हुने ठाउँ निरीक्षण गर्न, गराउन र त्यसको हिसाब किताब तथा अन्य अभिलेख जाँच्न, जँचाउन सक्नेछ ।

३४. **विवरणमा हेरफेर भएमा सूचना दिनुपर्ने**: दफा ३, दफा ९ र दफा २० बमोजिमको पर्यटन व्यवसाय दर्ताको लागि दरखास्त दिँदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको पन्ध्र दिनभित्र उक्त कुराको सूचना पर्यटन व्यवसाय सञ्चालन गर्न इजाजत पत्र प्राप्त व्यक्तिले मन्त्रालय वा कार्यालय समक्ष दिनु पर्नेछ।

३५. **व्यवसाय बन्द गर्नु परेमा सूचना दिनुपर्ने**: (१) यस ऐन बमोजिम दर्ता वा इजाजत प्राप्त व्यक्ति वा संस्थाले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले पन्ध्र दिनभित्र सोको सूचना कार्यालय समक्ष दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बन्द भएको सञ्चालक वा व्यवसायीले प्रचलित कानून बमोजिम बुझाउनुपर्ने कर, शुल्क, जरिबाना र अन्य आर्थिक दायित्व कार्यालयमा बुझाउनु पर्नेछ।

३६. **बोर्ड गठन गर्ने**: (१) प्रदेश सरकारले पर्यटकीय क्षेत्रहरूको पहिचान, विकास, प्रवर्धन, प्रचार प्रसार तथा व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रदेश पर्यटन बोर्ड गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको बोर्डको संगठन संरचना, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **निर्देशन दिन सक्ने**: (१) दफा ३, दफा ९ र दफा २० बमोजिम दर्ता वा इजाजत प्राप्त पर्यटन व्यवसायीलाई मन्त्रालयले पर्यटन विकास सम्बन्धी विषयलाई लिएर आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) दफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

३८. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकारमध्ये केही अधिकार कार्यालय वा स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९. **नियम बनाउन सक्ने**: प्रदेश सरकारले यस ऐनको उद्देश्य कार्यान्वयनका लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४०. **बचाउ**: यो ऐन जारी हुनु पूर्व प्रचलित कानून अन्तर्गत ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, पर्यटकस्तरका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा वार, पथ प्रदर्शक तथा अन्य पर्यटन व्यवसायले पाएको इजाजत पत्रलाई प्रदेश भित्र समेत काम गर्न पाउने गरी अनुमति लिएको भएमा सो अनुमति पत्र यसै ऐन बमोजिम पाएको मानिनेछ ।

प्रमाणीकरण मितिः-२०७९।०४।२४

आज्ञाले,
शम्भु राज रेग्मी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.२५।-